
# सूचनाको हक सम्बन्धी ऐन , २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको प्रगति विवरण

(Proactive Disclosure)

आ.व. २०७७/७८




प्रकाशक

राष्ट्रिय महिला आयोग

भद्रकाली प्लाजा, काठमाडौं

# बिषय सूची


| | | |
|---|---|---|
| १ | आयोगको स्वरूप र प्रकृति | १ |
| २ | आयोगको काम,कर्तव्य र अधिकार | १ |
| ३ | आयोगको संगठन तालिका | ४ |
| ४ | आयोगको शाखागत कार्य विवरण | ६ |
| ५ | आयोगबाट प्रदान गरिने सेवा | ९ |
| ६ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | १० |
| ७ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १० |
| ८ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | १० |
| ९ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ११ |
| १० | सम्पादन गरेको कामको विवरण | ११ |
| ११ | राष्ट्रिय महिला आयोगको वेबसाइट | १४ |
| १२ | वैदेशिक सहायता सम्बन्धी विवरण | १४ |
| १३ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | १५ |
| १४ | सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय | १५ |
| १५ | सार्वजनिक निकायका सूचकहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | १५ |
| १६ | २०७७ माघ १ देखि २०७७ चैत्र मसान्त मसान्त सम्मको आर्थिक विवरण | १६ |


सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना जारी गर्ने निकाय : राष्ट्रिय महिला आयोग

सूचना सार्वजनिक गरेको अवधि : २०७७ माघ १ देखि २०७७ चैत्र मसान्त सम्म

## १. आयोगको स्वरुप र प्रकृति :

महिलाहरुको हक हितको संरक्षण र संबर्द्धन गरी महिलाहरुलाई विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न वि.सं. २०५८ फागुन २३ गते (७ मार्च २००२) गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट विधिवत रुपमा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । तत्पश्चात् २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन र २०६५ सालमा नियमावली जारी भई कार्य सञ्चालन हुँदै आएको थियो । वि.सं.२०७२ मा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेपछि आयोगको कार्य क्षेत्र र स्वरुप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ । आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने गरी संवैधानिक व्यवस्था गरिएको छ । आयोगले संवैधानिक स्वरुप प्राप्त गरे पश्चात् लामो अवधिपछि गत २०७७ माघ २१ गते अध्यक्ष र दुईजना सदस्यहरुको नियुक्ति भयो र अन्य दुईजना सदस्यहरूको मिति २०७८ आषाढ १० गते नियुक्ति भयो । आयोगले पूर्णता प्राप्त गरेसँगै राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरुलाई तदारुकताका साथ अगाडि बढाएको छ ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय महिला आयोग ऐन २०७४ अनुसार आयोगको उद्देश्य बुँदागत रुपमा निम्न बमोजिम रहेको छ ।

- महिलाको हकहित संरक्षण एवं संबर्द्धन गर्ने ।
- महिला सशक्तीकरण मार्फत विकासको मूल प्रवाहमा महिला वर्गलाई प्रभावकारी रुपमा समाहित गर्ने
- महिलाको समग्र विकास गरी लैंगिक न्याय कायम गर्ने
- लैंगिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरु तथा दस्तावेजको कार्यान्वयनको अनुगमन गर्ने ।

नेपालको संविधान २०७२ को धारा २५३ बमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ -

(क) महिलाको हक हितसँग सरोकार राख्ने, नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने ।

(घ लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

२.२ राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम तोकिएको छ :–

क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ख) संविधान तथा कानून प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरुबारे सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एव. चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने वा गराउने ।

ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

झ) सदस्य तथा आयोगको कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

**आयोगले सम्पादन गर्दै आएका मुख्य कार्यहरु :**

क) महिलाको हक, हित र अधिकारको विषयमासचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख) नेपाल सरकार तथा अन्य निकायबाट सञ्चालन भएका महिला विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,

ग) महिला सरोकारका क्षेत्रमा अध्ययन, अनुसन्धान गरी सिफारिश गर्ने,

घ) सरोकारवाला निकायहरुसँग साझेदारी तथा समन्वय गर्ने,

ङ) खबर गरौं ११४५ हेल्पलाइन मार्फत् हिंसा पीडित महिलाहरुलाई सहयोग गर्ने ।

## ३ आयोगको संगठन तालिका

आयोगको स्वीकृत दरवन्दी र संगठन तालिका देहाय बमोजिम रहेको छ :-

### राष्ट्रिय महिला आयोगको संगठन संरचना

**सचिव**
रा.प.प्रथम (प्रशासन) - १

**प्रशासन तथा योजना शाखा :**
- उपसचिव रा.प. द्वितीय (प्र./सा.प्र.) -१
- शा.अ रा.प.तृ. (प्र./सा.प्र.) -२
- ना.सु रा.प.अनं.प्रथम (प्र./सा.प्र.)-५
- क. अ. रा.प.अनं.प्रथम (विविध)-२
- हेल्पलाइन अपरेटर रा.प.अनं.प्रथम विविध-२
- ह.स.चा. (श्रेणीविहीन)- ७
- का.स, (श्रेणीविहीन) -७

**उजुरी तथा मुद्दा व्यवस्थापन शाखाः**
- उपसचिव रा.प. द्वितीय (न्याय/कानून)-१
- शा.अ.,रा.प.तृ. (न्याय, स.व.) -१
- म.वि.अ. रा.प.तृ. (विविध) - १
- मनोसामाजिक परामर्शदाता अधिकृत (स्वास्थ्य/छैटौं/सातौं) - १
- मनोसामाजिक परामर्शदाता- (स्वास्थ्य/चौथो/पाँचौ) - १

**नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखाः**
- उपसचिव रा.प. द्वितीय (प्र.,सा.प्र.) -१
- कानून अधिकृत रा.प.तृ. (न्याय, कानून) -१

**महिला विकास समन्वय शाखाः**
- प्र.म.वि.अ.रा.प. द्वितीय (विविध) -१
- म.वि.अ रा.प.तृ (विविध) -१
- म.वि.नि रा.प.अनं प्रथम (विविध)-१

**आर्थिक प्रशासन शाखाः**
- लेखा अधिकृत रा.प.तृ. (प्र.,लेखा) - १
- लेखापाल रा.प.अनं.प्रथम (प्र.,लेखा)-१

### दरबन्दी तेरिज

- सचिव रा.प. प्र. (प्र) - १
- उ.स. रा.प. द्वि. (प्र) -२
- उ.स.कानुन रा.प. द्वि– १
- प्र.म.वि.अ. - १
- शाखा अधिकृत रा.प. तृ -२
- कानुन अधिकृत रा.प.तृ -१
- शा.अ. स.व.रा.प. तृ -१
- ले.अ. रा.प. तृ (सा.प्र)- १
- म.वि.अ. रा.प. तृ (विविध) -१
- मनोसामाजिक परामर्शदाता - छैटौ/सातौ -१
- ना.सु. रा.प. अनं. प्र. (सा.प्र)- ५
- ले.पा. रा.प.अनं. प्र. (प्र) - १
- मनोसामाजिक परामर्शदाता. चौथो/पाचौ- १
- म.वि.नि. रा.प. अनं. प्रथम - १
- क.अपरेटर रा.प. अनं. प्र. विविध -२
- हेल्पलाइन अप. -२

राष्ट्रिय महिला आयोगले संबैधानिक आयोगको हैसियत प्राप्त गरेसँगै संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survery) गरी नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी अनुसार आयोगमा हाल कुल ३८ दरबन्दी रहेको छ । जसमा राजपत्रांकित १२, राजपत्र अनंकित १२ र श्रेणीविहीन १४ दरबन्दी रहेको छ । यस अवधिमा कुल दरबन्दीमध्ये राजपत्रांकित ११ पद, राजपत्र अनंकित ८ गरी जम्मा १९ पद पूर्ति भएको छ भने विभिन्न श्रेणीका ५ पद रिक्त रहेको छ ।

## पदपूर्तिको अवस्था :

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्बितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्बितीय | न्याय | कानून | १ | १ | | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्बितीय | विविध | | १ | १ | - | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | - | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | - | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वास्थ्य | | १ | - | १ | |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | - | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | - | १ | |
| १५ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | विविध | | १ | १ | | काज |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | १ | १ | |
| १७ | हेल्पलाईन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | - | २ | |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | - | |
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहिन | | | ७ | ७ | - | |
| २० | **जम्मा** | | | | ३८ | ३३ | ५ | |

आयोग अन्तर्गत विश्व बैंकको सहयोगमा Integrated Platform for Gender Based Violence Prevention & Response (IPGBVPR) in Nepal नामक परियोजना सन् २०१७ देखि २०७८ आषाढ मसान्त सम्मको लागि

सञ्चालनमा रहेको छ । सो अन्तर्गत "खबर गरौं ११४५ हेल्पलाइन सेवा" सञ्चालनमा रहेको छ । उक्त परियोजनामा निम्न पदहरु कायम गरिएको छ ।

| क्र.स. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राविधिक सल्लाहकार | १ | |
| २ | मुद्दा व्यवस्थापक | १ | |
| ३ | हेल्पलाईन व्यवस्थापक | १ | |
| ४ | अनुगमन तथा मूल्याङकन व्यवस्थापक | १ | |
| ५ | सञ्चार व्यवस्थापक | १ | |
| ६ | सूचना प्रविधि अधिकृत | १ | |
| ७ | कानून अधिकृत | १ | |
| ८ | मनोसामाजिक मनोविमर्शकर्ता | १ | |
| ९ | हेल्पलाइन अधिकृत | १० | |
| १० | कार्यालय सहयोगी | १ | |
| | जम्मा | १९ जना | |

## ४. आयोगको शाखागत कार्य विवरण

आयोगमा रहेका शाखाहरुबाट निम्न बमोजिम कार्य सम्पादन हुने गरी जिम्मेवारी तोकिएको छ ।

### प्रशासन तथा योजना शाखा

- अन्य शाखाहरुसँगको समन्वयमा व्यवस्थित रुपमा कार्यालय सञ्चालन गराउने,
- आयोगको सवारी साधन लगायत भौतिक स्रोत साधनको संरक्षण तथा व्यवस्थापन गर्ने,
- कर्मचारीहरुको व्यक्तिगत विवरण व्यवस्थापन सम्बन्धी कार्य,
- कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सम्बन्धी कार्य,
- तालिम,गोष्ठी, सेमिनार, बैठक सम्बन्धी कार्ये,
- पुरस्कार तथा विभागीय सजाय सम्बन्धी कार्य,
- आयोगमा रहेका कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- पुस्तकालय व्यवस्थापन सम्वन्धी कार्य,
- सूचना केन्द्रको व्यवस्थापन तथा अध्ययन अनुसन्धानसँग सम्बन्धी सामग्रीको संकलन र अभिलेख व्यवस्थापन गर्ने,
- नागरिक वडापत्र/गुनासा सम्वन्धी कार्य,
- खरीद गर्नुपर्ने सामानको सिफारिस गर्ने सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा आवधिक कार्ययोजना र रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,
- वार्षिक बजेट योजना तथा कार्यक्रम तयारी गर्ने,
- आयोगबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण योजना तयार गर्ने,

❖ स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना (Work Plan) कार्यान्वयन तथा अनुगमन निमित्त सुचकाङ्कहरु तथा लक्ष्य निर्धारण सम्बन्धी कार्य,

❖ आयोगका कर्मचारीहरुको क्षमता र वृत्ति विकास गर्ने सम्बन्धी कार्य,

❖ तथ्याङ्क संकलन र व्यवस्थापन, सूचना संकलन, संग्रह, अभिलेखन र सम्पादन सम्बन्धी कार्य गर्ने,

❖ हिंसा पीडित महिलालाई सहयोग पुऱ्याउन सञ्चालित ११४५ हेल्पलाईन सेवा व्यवस्थापन सम्बन्धी कार्य,

❖ विश्वबैंकको सहयोगमा सञ्चालित सम्बोधन (IPGBVPR) परियोजना अन्तर्गत साझेदारको रुपमा रहेका संस्थाहरुको कार्यसम्पादनको अनुगमन गर्ने सम्बन्धी कार्य,

❖ अन्य शाखाको कार्य विवरणमा नपरेको कार्यहरु गर्ने ।

## ख) महिला विकास समन्वय शाखा

❖ स्थानीयतहमा महिला विकास सम्बन्धी कार्यको व्यवस्थापन गर्न एकाइ, जनशक्तिको व्यवस्थापन र कार्यक्रमको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,

❖ लैङ्गिक सम्पर्क बिन्दुहरुको अवस्थाको लेखाजोखा गर्ने, लैङ्गिक सम्पर्क बिन्दुबाट भएका कार्यहरुको कार्यान्वयन पक्षको अनुगमन तथा समीक्षा गरी भूमिका प्रभावकारी बनाउन पृष्ठपोषण गर्ने सम्बन्धी कार्य,

❖ महिला तथा किशोरीमाथि हुने तथा भइरहेको हिंसा नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक कार्यक्रमहरु सम्बन्धी कार्य,

❖ महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य,

❖ महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भर, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनको लागि सम्बन्धित सरोकारवाला निकायसँग निरन्तर छलफल तथा समन्वय गर्ने कार्य,

❖ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका लागि पुरुष, किशोरकिशोरीहरु, अभिभावकहरुको सहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकाय तथा स्थानीयतहसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,

❖ विपद् व्यवस्थापन तथा प्रतिकार्यका सम्बन्धमा महिला तथा संकटापन्न समूहको विशेष संरक्षणको सम्बन्धमा गरिएका कार्यहरुको अनुगमन तथा पृष्ठपोषण सम्बन्धी कार्य,

❖ नेपालको संविधानमा महिला हक अधिकारसँग सम्बन्धित प्रावधान तथा व्यवस्था अनुसार महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको विवरण संकलन सम्बन्धी कार्य,

❖ लैङ्गिक समाानता तथा सशक्तीकरणका लागि बाधकको रुपमाा रहेका प्रथा, परम्परा, कुरीति विरुद्धका अभियान आमसहभागितामा सञ्चालन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी कार्य,

❖ महिला हिंसा निवारणका लागि अल्पकालीन तथा दीर्घकालीन आश्रयसेवा प्रदान गर्ने तथा मनोसामाजिक विमर्शसेवा प्रदान गर्ने संस्थाहरुको विवरण अद्यावधिक गरी पीडितलाई सेवा आवश्यक भएको अवस्थामा सेवा प्रवाहका लागि कार्यरत संस्था तथा सम्वन्धित स्थानीयतहमा समन्वय गर्ने,

❖ महिला विकाससँग सम्वन्धित विभिन्न समसामयिक विषयमा अनुसन्धान गर्न गराउन सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,

❖ महिला केन्द्रित अर्थतन्त्र,महिलाको व्यवसायिक सीप, क्षमता विकास तथा बजार व्यवस्थापन सम्बन्धमा अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु,

## ग) नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

❖ महिलाको हकहितसँग सम्वन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,

❖ महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने कार्य,

❖ नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अधावधिक गर्ने सम्बन्धी कार्य,

❖ महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित मन्त्रालय /निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने कार्य,

❖ आयोगको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,

❖ आयोगले सम्पन्न गरेका कामहरुको विश्लेषण तथा भावी कार्यदिशाका सम्बन्धमा आवश्यक सुझाव तयार पार्ने सम्बन्धी कार्य,

❖ सञ्चार माध्यममा प्रकाशित महिला सरोकारका समाचारहरुको विश्लेषण गरी आवश्यक नीतिगत सुझाव तयार गर्ने सम्बन्धी कार्य,

❖ सञ्चार माध्यम एवं महिला सरोकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने सम्बन्धी कार्य ।

## घ) उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

❖ आयोग विरुद्ध परेका रिट निवेदन सम्बन्धी कार्य,

❖ आयोगलाई आवश्यक परेको विषयमा कानूनी राय दिने सम्बन्धी कार्य,

❖ आवश्यक कानून निर्माण सम्बन्धी कार्य,

❖ आयोग र हेल्पलाइन अन्तर्गतका उजुरी व्यवस्थापन सम्बन्धी कार्य,

❖ आयोगमा प्राप्त हुन आएको उजुरी दर्ता, कार्वाही र प्रारम्भिक छानविन सम्बन्धी कार्य,

❖ उजुरी व्यवस्थापनको क्रममा आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा समन्वयका लागि सिफारिस र आदेश तयार गरी पेश गर्ने,

❖ कानून बमोजिम मेलमिलाप गराउने सम्बन्धी कार्य,

❖ उजुरी सिफारिसको अनुगमन सम्बन्धी कार्य,

❖ नीति निर्माण, कानून निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको विषयमा कानूनी राय प्रदान गर्ने सम्बन्धी कार्य,

- ❖ तत्कालीन घटना अनुगमन गरी सोको अनुसन्धान गर्ने र मुद्दा दायर गर्नुपर्ने तथा महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा दायर गर्ने सम्बन्धी कार्य,
- ❖ पीडितका लागि आवश्यक मनोसामाजिक परामर्श, नि:शुल्क कानूनी सहायता, अल्पकालीन तथा दीर्घकालिन आश्रय तथा पुर्नस्थापना जस्ता सेवाका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसा नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य,
- ❖ महिलासँग सम्वन्धित कानूनी व्यवस्था र सोको कार्यान्वयन सम्बन्धमा अध्ययन, अनुसन्धान सम्वन्धी कार्य,
- ❖ महिलाका हक हितसँग सम्बन्धित नीति तथा कानूनहरुको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकार समक्ष पेश गर्न सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसाका घटनासँग सम्वन्धित सूचनाहरुको अभिलेखीकरण र अध्ययन गर्ने गराउने सम्बन्धी कार्य,
- ❖ पीडितसँग आश्रित बालबालिका विशेष सेवा सम्बन्धी कार्य ।

## ५ आयोगबाट प्रदान गरिने सेवा :

यस आयोगले निम्न प्रकारको सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

→ महिलासँग सम्वन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यसमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र अनुगमन गर्ने,

→ नेपाल सरकार पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले पठाउनु पर्ने प्रतिवेदनको सम्वन्धमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने र सुझाव दिने,

→ लैङिगक बजेट विनियोजन भए नभएको, महिला मैत्री वातावरण भए नभएको अनुगमन गरी नेपाल सरकारलाई प्रतिवेदन उपलब्ध गराउने,

→ घरेलु हिंसा र महिला हिंसामा परेका पीडित महिलाहरुको उजुरी लिइ दुई पक्षबीच छलफल गराई आवश्यक प्रक्रिया अघि बढाउने । यसका साथै आयोगले विभिन्न संघसंस्थाहरुसँग समन्वय गरेर निम्नानुसारको थप सेवा पनि प्रदान गर्दै आइरहेको छ ।

→ मनोसामाजिक परामर्श सेवा : पीडितहरुलाई निजको स्थिति सामान्य गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।

→ कानूनी परामर्श सेवा : आयोगमा पीडितहरुको लागि निशुल्क कानुनी सेवा समेत उपलब्ध गराउन गरिएको छ ।

→ अल्पकालीन आश्रय सेवा : घर परिवारमा मिलेर बस्न नसक्ने पीडितहरुको सुरक्षालाई ध्यानमा राखी अल्पकालीन आश्रयस्थलको समेत व्यवस्था गरिएको छ ।

→ आकस्मिक सहायता: पीडितहरुलाई ध्यानमा राखी तत्काल औषधीउपचार, घरसम्म जान यातायात खर्च तथा खानपिनको लागि न्यूनतम सहयोग गर्दै आइरहेको छ ।

२०७७ माघ १ देखि २०७७ चैत्र मसान्त सम्म आयोगमा परेका उजुरीको विवरण निम्नानुसार रहेको छ ।

| महिना | घरेलु हिंसा | महिला हिंसा |
|---|---|---|
| वैशाख | ८० | २० |
| ज्येष्ठ | ७५ | १९ |
| आषाढ | १३३ | १५ |

## ६ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखा | पद | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन तथा योजना शाखा | उपसचिव प्रशासन<br>शाखा अधिकृत<br>शाखा अधिकृत /सूचना अधिकारी | श्री पुष्पराज कट्वाल<br>श्री विष्णु कुमारी न्यौपाने<br>श्री रोशन अर्याल | |
| २ | नीति निर्माण अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा | उप सचिव प्रशासन<br>कानून अधिकृत | श्री लक्ष्मी आचार्य पराजुली<br>श्री तुलसा गैरै | |
| ३ | उजुरी तथा मुद्दा व्यवस्थापना शाखा | उपसचिव कानून<br>सरकारी वकिल | श्री श्याम प्रसाद श्रेष्ठ<br>श्री वर्षा ढकाल | |
| ४ | महिला विकास समन्वय शाखा | प्रमुख महिला विकास अधिकृत<br>महिला विकास अधिकृत | श्री मीरा शेरचन<br>श्री रोशनी श्रेष्ठ | |
| ५ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | श्री श्रीभद्र गौतम | |

## ७ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगमा उजुरी दर्ता गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

## ८ निर्णय गर्ने प्रक्रिया र अधिकारी

आयोगले संविधान तथा यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार कुनै पनि अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी अध्यक्ष, सदस्य वा कुनै सरकारी कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ९ निर्णय उपर उजुरी सुन्ने अधिकारी

माननीय सदस्य, कृष्ण कुमारी पौडेल खतिवडा

## १० सम्पादन गरेको कामको विवरण

आयोगले आ.व.२०७७/०७८ को वैशाख १ देखि २०७८ आषाढ मसान्तसम्मको त्रैमासिक अवधिमा आफ्ना स्वीकृत वार्षिक कार्यक्रम र कियाकलापहरुलाई केही हदसम्म बढाएर विभिन्न गतिविधिहरु गर्न सफल भएको छ । यस त्रैमासिक अवधिमा आयोगबाट सम्पन्न भएका मुख्य कार्यक्रम, अनुगमन तथा अन्य गतिविधिहरु देहाय बमोजिम रहेका छन् :

**२०७८ वैशाख १ गते देखि २०७८ आषाढ मसान्तसम्ममा राष्ट्रिय महिला आयोगले सम्पादन गरेका कार्यक्रमहरु**

### खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायी दरबन्दी सृजना

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि विश्व बैंकको Integrated Platform for Gender Based Violence Prevention and Response (IPGBVPR) सहयोगमा सञ्चालित “खबर गरौं ११४५ हेल्पलाइन सेवा” लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारकै जनशक्ति र बजेटबाट राष्ट्रिय महिला आयोग अन्तर्गत संचालन गर्ने सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०२/३१ को निर्णयानुसार आ.व. २०७८/७९ का लागि राजपत्रांकित तृतीय श्रेणीका विभिन्न ४ वटा पदहरु (कानून अधिकृत-२, मनोसामाजिक परामर्शदाता/साइकोलोजिस्ट-१ र सूचना प्रविधि अधिकृत/कम्प्युटर इन्जिनियर-१) र मिति २०७८/०२/१८ को माननीय विभागीय मन्त्रिस्तरीय निर्णयानुसार विभिन्न तहका १३ वटा राजपत्र अनंकित र श्रेणी विहीन पदहरु (हेल्पलाइन अपरेटर-१०, ह.स.चा.-१ र कार्यालय सहयोगी-२) को अस्थायी दरबन्दी स्वीकृत भएको छ ।

### राष्ट्रिय महिला आयोगको पाँच वर्षे रणनीतिक योजना

राष्ट्रिय महिला आयोगको दीर्घकालीन सोच, उद्देश्य, लक्ष्यका साथै आयोगको आगामी पाँच वर्षको कार्यदिशा र प्राथमिकतालाई समेटेर आयोगले पाँच वर्षे रणनीतिको मस्यौदा तयार गरेको छ । उक्त रणनीतिलाई विभिन्न निकायहरुको छलफलमा परिमार्जन गरी लागू गर्ने योजना आयोगको रहेको छ । राष्ट्रिय महिला आयोगको पाँच वर्षे रणनीतिको मस्यौदा तयार भई परिमार्जनको क्रममा रहेको छ ।

### राष्ट्रिय महिला आयोग नियमावली, २०७८

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी आयोगबाट *राष्ट्रिय महिला आयोग नियमावली, २०७८* स्वीकृत गरी मिति २०७८।०३।२१ गते राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको छ।

### राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८

राष्ट्रिय महिला आयोगले आयोगको बैठकलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि राष्ट्रिय महिला आयोगको बैठक संचालन कार्यविधि, २०७८ को मस्यौदा तयार भई मिति २०७८ ज्येष्ठ २६ गतेको आयोगको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।

### राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका,२०७८

राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ को मस्यौदा तयार भई मिति २०७८ ज्येष्ठ २६ गतेको आयोगको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।

## आयोगका पदाधिकारीहरु तथा कर्मचारीहरुको आचरण

आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणसम्बन्धी विषय आयोगको बैठकबाट स्वीकृत गरी लागू गरिएको छ।

## कोभिड-१९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा लागू गरिएको निषेधाज्ञाको अवधिमा महिला तथा बालबालिकालाई प्राथमिकता दिई राहत तथा उद्धार कार्य सञ्चालन गर्न अनुरोध

कोभिड-१९ को दोस्रो चरणको संक्रमणको कारण जारी निषेधाज्ञा तथा अन्य समयमा समेत महिला, बालिका, वृद्ध, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई राहत, उद्धार तथा अन्य प्रक्रियामा प्राथमिकता दिनका लागि विभिन्न निकायलाई पत्राचार गरिएको । यसको साथै स्थानीय तहमा सञ्चालित क्वारेन्टिन तथा आइसोलेसन सेन्टरलाई महिला मैत्री हुने गरी व्यवस्थापन गर्नका लागि गृह मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सम्बन्धित निकायमा पत्राचार गरिएको ।

## लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण सम्बन्धी उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन

कोभिड १९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा जारी निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसाको घटनाको सघन अनुगमन गर्न, लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको तत्काल उद्धार, राहत, औषधोपचार लगायतका विषयमा विभिन्न निकायसँग आवश्यक समन्वय गर्न आयोगका माननीय अध्यक्षको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण सम्बन्धी उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन गरिएको । समितिमा विभिन्न मन्त्रालय र निकायबाट गरी कुल एक्काईस जना प्रतिनिधिहरु रहनु भएको छ ।

## अध्ययन तथा अनुसन्धान

राष्ट्रिय महिला आयोगले देहायको विषयमा विज्ञ संस्था/व्यक्तिबाट अध्ययन अनुसन्धान कार्य सम्पन्न गरेको छ:

१. रोजगारीका अवसरमा महिलाहरूको पहुँच र महिलामैत्री कार्य वातावरणबारे अध्ययन ।
२. मुलुकी देवानी संहिता २०७४ तथा मुलुकी अपराध संहिता २०७४ कार्यान्वयन पश्चात् महिला अधिकारको प्रचलनमा आएको परिवर्तनसम्बन्धी अध्ययन ।
३. संघीय मन्त्रालयबाट महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन गरिएको ।

## प्रकाशन सम्बन्धी कार्यहरू

१. संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति समक्ष नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि समितिले दिएको निष्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन प्रतिवेदन तयार भएको ।
२. महिलासँग सरोकार राख्ने कानूनहरूको जानकारीमूलक पुस्तिका प्रकाशन गरिएको ।
३. राष्ट्रिय महिला आयोगको ऐनको सँगालो (नेपाली र अंग्रेजी) प्रकाशन गरिएको ।
४. आयोगले सम्पादन गरेका गतिविधिहरूलाई समेटी वि.सं. २०७८ सालको वार्षिक क्यालेण्डर प्रकाशन गरिएको ।
५. महिला हक,अधिकार प्रवर्द्धन र घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धमा जानकारीमुलक ब्रोस्योर, पमप्लेट, लिफलेट आदिको प्रकाशन गरिएको ।

## स्थलगत अनुगमन

- वहुसाँस्कृतिक मनोसामाजिक संस्था  नेपाल (टि.पि.ओ. नेपाल), मानव सेवा आश्रम, साथी संस्था र कानूनी सहायता तथा परामर्श केन्द्रको अनुगमन
- श्रीमान् र परिवारबाट निर्घात कुटपिट गरिएकी धनुषाको गोदावरी अस्पतालमा उपचाररत महिलासँग भेटी घटनाको स्थलगत अनुगमन गरिएको ।
- बोक्सीको आरोप लगाई दिसा पिसाब खुवाइएका सिराहा जिल्ला, औरही गाउँपालिकाको वडा नं. ५ मा बसोबास गर्ने पीडितसँग भेटघाट तथा स्थलगत अनुगमन गरिएको ।
- सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.ट पिपलडाँडा वस्ने स्वस्थानी कुँवरको मिति २०७८।०२।०६ गते घर नजिकैको रुखमा झुण्डिएर मृत्यु भएको भन्ने सम्बन्धमा यस आयोगमा उजुरी दर्ता भएकोमा उक्त घटनाको स्थलगत अनुगमन गर्न राष्ट्रिय महिला आयोगका माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा आयोगको एक टोलीबाट मिति २०७८ ज्येष्ठ ११ गते घटनास्थल पुगी स्थलगत अनुगमन गऱ्यो । उक्त टोलीले प्रस्तुत मुद्दाको वारेमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, घटनाको अनुसन्धानको लागि खटाइएको अनुसन्धान अधिकृत एवं अन्य प्रहरी अधिकृतहरुसँग घटनास्थल, अनुसन्धान प्रक्रिया, अनुसन्धानको अवस्था आदिको बारेमा जानकारी लिने कार्य भयो । साथै, मृतकका माइती पक्षका आफन्त, मृतकको घरमा गई निजका पति, सासु-ससुरा, नाबालक छोरीहरु एवं छिमेकीहरुसँग घटनाको बारेमा जानकारी लिई घटना घट्नुको कारणहरु पहिचान गर्नको लागि सोधपुछ गर्ने कार्य समेत भयो ।
- मिति २०७८।२।३१ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय,बाँके, भेरी अस्पताल, माइती नेपाल, बाँकेको अनुगमन कार्य भएको छ ।
- राष्ट्रिय महिला आयोगकी माननीय सदस्य कृष्ण कुमारी  पौडेल खतिवडाको नेतृत्वमा गएको टोलीले बर्दिया जिल्लामा महिला हिंसा लगायतका बिषयमा केन्द्रित रही मिति २०७८/३/२ गते अनुगमन तथा छलफल गरेको छ ।
- बर्दिया अस्पतालमा OCMC सञ्चालनको अवस्था, देखिएका समस्या तथा आगामी दिनमा गर्नु पर्ने सुधारका बिषयमा टोलीले OCMC अन्तर्गत कार्यरत नर्स, अस्पताल व्यवस्थापन तथा चिकित्सकहरुसँग प्रत्यक्ष भेटघाट तथा छलफल गरेको थियो ।

## सम्पादित अन्य कार्यक्रम तथा कियाकलापहरु

- **अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम**

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख ६ | बागमती | काठमाडौं | ३१ |

- **प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (RHRWG) को बैठक**

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ बैशाख ७ | बागमती | काठमाडौं | १४ |

- **राष्ट्रिय महिला आयोगको चौमासिक क्रियाकलापका सम्बन्धमा पत्रकारहरुसँगको अन्तरक्रिया कार्यक्रम**

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७८ वैशाख ८ | बागमती | काठमाडौं | २६ |

- **कोभिड-१९ को विश्वव्यापी महामारीको समयमा हुने निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम एवं नियन्त्रणका लागि सरोकारवालाहरुबीच छलफल कार्यक्रम**

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख १५ | बागमती | काठमाडौं | २७ |

- **निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथामका सन्दर्भमा भइरहेका गतिविधि तथा सामना गर्न परिरहेका समस्या समाधानका सम्बन्धमा भर्चुअल अन्तरक्रिया कार्यक्रम**

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७८ वैशाख २४ | बागमती | काठमाडौं | ५२ |

- **कर्मचारीहरुको क्षमता विकास तालिम**

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ चैत्र १६ - २३ | बागमती | काठमाडौं | १८ |

- **क्षमता विकास र तनाव व्यवस्थापन तालिम**

| मिति | प्रदेश | जिल्ला | सहभागी |
|---|---|---|---|
| २०७८ वैशाख १० - ११ | बागमती | मकवानपुर | ५३ |

**अन्य**

- मिति २०७८ असार २२ गते महिला जागरणका क्षेत्रमा अतुलनीय योगदान गर्ने सामाजिक सुधार अभियानकी प्रणेता विदुषी योगमायाको स्मृतिमा उहाँप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै तथा योगमायाको व्यक्तित्व र योगदान सम्बन्धमा छलफल र परिसंवाद कार्यक्रम आयोजना गरी योगमाया स्मृति दिवस मनाइएको छ । सोही अवसरमा संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति (CEDAW Committee) बाट नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धमा राष्ट्रिय महिला आयोगको पहलमा तयार भई प्रकाशन गरिएको अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ ।
- लैङ्गिक विज्ञ तथा लैङ्गिक क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरुको रोष्टर तयार गरिएको छ ।
- मिति २०७८।०२।२८ गतेका दिन राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला कुमारी पराजुलीको अध्यक्षतामा मुलुकका विभिन्न पेशा, उद्यम र व्यवसायमा संलग्न महिला उद्यमी व्यवसायीहरूको सहभागितामा "महिला उद्यमशीलताको विकास र सशक्तीकरण विषयक अन्तरक्रिया कार्यक्रम" भर्चुअल माध्यमबाट सञ्चालन गरियो ।
- राष्ट्रिय महिला आयोगले मिति २०७८ जेठ १६ गते तेस्रो राष्ट्रिय महिला अधिकार दिवसको उपलक्ष्यमा "स्थानीय तहका न्यायिक समिति तथा महिला पदाधिकारीहरूबीच लैङ्गिक हिंसा न्यूनीकरणका असल अभ्यास" सम्बन्धमा भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

## ११ राष्ट्रिय महिला आयोगको वेवसाइट

www.nwc.gov.np र e-mail सम्पर्क info@nwc.gov.np रहेको छ ।

## १२ राष्ट्रिय महिला आयोगले प्राप्त गरेको वैदेशिक सहायता सम्वन्धी विवरण :

लैङ्गिकतामा आधारित हिंसाको विरुद्ध एकीकृत प्रयासको रुपमा लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत "Integrated platform for Gender Based Violence Prevention and Response (IPGBVPR) in Nepal" परियोजनाको शुभारम्भ भएको हो । विश्वबैंकको आर्थिक सहयोगमा यो परियोजना डिसेम्बर १०, २०१७ देखि सञ्चालनमा रहेको छ । यस आयोगले घरेलु हिंसा, महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरुलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले "खबर गरौं हेल्पलाइन ११४५ सेवा" को थालनी गरेको थियो । यस हेल्पलाइनमा फोन, sms, स्वयं उपस्थित भएर, इमेल वा वेबसाईटबाट पनि सम्पर्क गर्ने सबै प्रकारको व्यवस्था गरिएको छ । उक्त परियोजनाको अवधि १५ जुलाई २०२१ सम्म रहेको छ ।

क) परियोजनाको उद्देश्य :

- लैङ्गिकतामा आधारित हिंसासँग सम्बन्धित मुख्य सरोकारवालाहरुमा जनचेतना अभिबृद्धि गर्ने ।
- लैङ्गिकतामा आधारित हिंसा विरुद्ध निःशुल्क हेल्पलाइन सेवा (टेलिफोन सेवा) संचालन गर्ने ।
- राष्ट्रिय महिला आयोगको सेवा प्रवाहलाई अझ चुस्त, गुणस्तरीय तथा व्यापक बनाउने ।
- हालको कार्यलाई थप प्रभावकारी बनाउनका लागि अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा वृद्धि गर्ने ।
- आवश्यक अध्ययन र छलफल पश्चात् हेल्पलाइन सेवाको प्रदेश स्तरमा विस्तार गर्ने,

ख) परियोजनाको सकारात्मक उपलब्धि :

- घरेलु तथा लैङ्गिक हिंसाको समस्या वा प्रभावमा परेका महिला तथा बालबालिकाका लागि हेल्पलाइन उजुरी गर्ने सजिलो र भरपर्दो माध्यम बन्न पुगेको छ । समस्यामा परेका महिला तथा बालबालिकाले हेल्पलाइनमा आफ्ना कुराहरु निर्धक्कसाथ राख्ने गरेका छन् र आवश्यक सहयोग एवं परामर्श प्राप्त गर्ने गरेका छन् ।
- हेल्पलाइनले हिंसा प्रभावितहरुको विश्वास आर्जन गर्न सकेको छ भने अर्कोतर्फ हिंसाको तत्कालै सम्बोधन हुने हुनाले उनीहरुको न्याय, प्रभावितहरु तथा तिनका आश्रितहरुको संरक्षण र सरल तथा सहज न्याय प्राप्तिको मार्गलाई सुनिश्चित गरेको छ ।
- जोखिममा परेका महिला तथा बालबालिकाहरुलाई तत्काल राहत प्रदान गर्न विभिन्न आश्रय स्थलमा पठाउने गरिएको छ ।
- कानूनी सहायता केन्द्र (ल्याक) र नेपाल बार एशोसियशन मार्फत् कानूनी उपचारका लागि निःशुल्क कानूनी सेवा प्रदान गर्दै आइरहेको छ ।

- लैङ्गिक हिंसा निवारणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा वृद्धि भएको छ । सेवा प्रदायक संस्थाहरुबाट उपलब्ध हुने सेवाको बारेमा Mapping गरिएको छ ।

**१३ सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली**

– प्रचलित कानून बमोजिम दिन मिल्ने सबै प्रकारको सूचनाहरु उपलब्ध गराउने गरिएको ।

**१४ सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय**

– माग भए अनुसारको सूचना उपलब्ध गराउने गरिएको ।

**१५ सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**

– महत्वपूर्ण सूचनाहरु आयोगको बेवसाइटमा पनि राख्ने गरिएको ।

**१६ २०७८ वैशाख १ देखि २०७८ आषाढ मसान्त मसान्त सम्मको आर्थिक विवरण**

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

असार महिनाको

म. ले. प. फा. न. २१३

र्ष:- २०७८/७९

शीर्षक : राष्ट्रिय महिला आयोग[२२२०००११३]

| खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | १४,४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १४,४००,०००.०० |
| पोशाक | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| महंगी भत्ता | नेपाल सरकार | नगद | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.०० |
| अन्य भत्ता | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| पानी तथा बिजुली | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,३००,०००.०० |
| संचार महसुल | नेपाल सरकार | नगद | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०००,०००.०० |
| इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,३००,०००.०० |
| सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | १,४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,४००,०००.०० |
| बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४००,०००.०० |
| मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | नगद | २,२००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,२००,०००.०० |
| पुस्तक तथा सामग्री खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | ८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८००,०००.०० |
| कुल जम्मा | | | ९८,८००,०००.०० | ०.०० | २७०,०००.०० | ०.०० | २७०,०००.०० | २७०,०००.०० | ०.०० | ९८,५३०,०००.०० |
| अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | |

| तीय नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,२००,०००.०० |
| १२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४००,०००.०० |
| १३ | करार सेवा शुल्क | नेपाल सरकार | नगद | ४,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,३००,०००.०० |
| १९ | अन्य सेवा शुल्क | नेपाल सरकार | नगद | ६,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६,५००,०००.०० |
| ११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | नगद | १,०००,०००.०० | ०.०० | २७०,०००.०० | ०.०० | २७०,०००.०० | २७०,०००.०० | ०.०० | ७३०,०००.०० |
| १२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२ | कार्यक्रम खर्च | वर्ल्ड बैक - ट्रष्ट कोष | सोधभर्ना हुने अनुदान | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | ४१,८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४१,८००,०००.०० |
| २९ | विविध कार्यक्रम खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ६११ | अनुगमन, मूल्यांकन खर्च | नेपाल सरकार | नगद | २,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,०००,०००.०० |
| ६१२ | भ्रमण खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| ७११ | विविध खर्च | नेपाल सरकार | नगद | १,४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,४००,०००.०० |
| ४१३ | अन्य संस्थालाई अनुदान— सःशर्त | नेपाल सरकार | नगद | १०,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,०००,०००.०० |
| १४२ | घर भाडा | नेपाल सरकार | नगद | ५,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,३००,०००.०० |
| | कुल जम्मा | | | ९८,८००,०००.०० | ०.०० | २७०,०००.०० | ०.०० | २७०,०००.०० | २७०,०००.०० | ०.०० | ९८,५३०,०००.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | |

गर्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

असार महिनाको

म. ले. प. फा. न. २१३

क बर्ष:- २०७८/७९

**उपशीर्षक :** राष्ट्रिय महिला आयोग[२२२०००१३]

| वित्तीय ...त नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ...११२ | पारिश्रमिक पदाधिकारी | नेपाल सरकार | नगद | ४,६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,६००,०००.०० |
| ...१३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| ...१४१ | पदाधिकारी बैठक भत्ता | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| ...१११ | पानी तथा बिजुली | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| ...११२ | संचार महसुल | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| ...२११ | इन्धन (पदाधिकारी) | नेपाल सरकार | नगद | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०००,०००.०० |
| ...२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| ...१४२ | घर भाडा | नेपाल सरकार | नगद | १,१००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,१००,०००.०० |
| | कुल जम्मा | | | ७,९००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७,९००,०००.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | |

...र्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

असार महिनाको

म. ले. प. फा. न. २१३

क बर्ष:- २०७८/७९

उपशीर्षक : राष्ट्रिय महिला आयोग[२२२०००११४]

| र्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | नेपाल सरकार | नगद | ८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८००,०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोधभर्ना हुने अनुदान | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ३११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | नगद | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोधभर्ना हुने अनुदान | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | नगद | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.०० |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | नेपाल सरकार | नगद | ८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८००,०००.०० |
| | कुल जम्मा | | | २,७००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,७००,०००.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | |

र गर्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-